ठाटीकाँध गाउँपालिका

लकान्द्र, दैलेख

कर्णाली प्रदेश ,नेपाल

स्थानीय राजपत्र

| | | |
|---|---|---|
| खण्ड २ | (सँख्या ७ ) | साउन, ०६ गते २०७६ साल |

भाग २

ठाटीकाँध गाउँपालिकाको गाउँ सभाले मिति: २०७६।०३।३० गते स्वीकृत भएको  देहाय बँमोजिमको कार्यविधि कानून स्थानीय सरकार संचालन ऐन, २०७४ बामोजिम सर्वसाधारणहरुको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# अनुदान प्रदान कार्यविधि , २०७६

## परिच्छेद १

## प्रारम्भिक

**१) प्रारम्भिक :प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन  २०७६** को दफा ४ ले दिएको अधिकार प्रयोग गरी यो **ठाटीकाँध गाउँपालिकाको** गाउँ सभाले यो **ठाटीकाँध गाउँपालिकाको अनुदान सँचालन कार्यविधि २०७६** जारी गरेको छ ।

## परिच्छेद २

## संक्षिप्त नाम र परिभाषा

२) संक्षिप्त नाम र प्रारम्भ (१) यो नियमहरूको नाम “**ठाटीकाँध गाउँपालिका** अनुदान प्रदान कार्यविधि २०७५” रहेकोछ ।

(२) यो कार्यविधि **ठाटीकाँध गाउँपालिका** क्षेत्रभर लागु हुनेछ ।

(३) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

३) परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा-

(क) “ऐन” भन्नाले **ठाटीकाँध गाउँपालिका** , प्रशाकीय कार्यविधि ऐन २०७५ ,स्थानीय सरकार संचालन ऐन २०७४ समेतलाई सम्झनु पर्छ ।

(ख)“विनियोजन ऐन” भन्नाले ठाटीकाँध गाउँपालिकाको विनियोजन ऐन सम्झनु पर्छ ।

(ग) “गाउँसभा” भन्नाले ठाटीकाँध गाउँपालिकाको गाउँसभा सम्झनु पर्छ ।

(घ) “कार्यविधि” भन्नाले अनुदान प्रदान कार्यविधि २०७५ सम्झनु पर्छ ।

(ङ)**“कार्यपालिका”** भन्नाले **ठाटीकाँध** गाउँपालिका गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

(च) “अध्यक्ष” भन्नाले ठाटीकाँध गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(छ) “उपाध्यक्ष” भन्नाले ठाटीकाँध गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

(ज) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले ठाटीकाँध गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(झ)“ वडाध्यक्ष” ठाटीकाँध गाउँपालिकाको सबै वडाका वडा अध्यक्ष सम्झनु पर्छ ।

(ञ) “सदस्य” ठाटीकाँध गाउँपासलकाको सबै वडाका वडा सदस्य सम्झनु पर्छ ।

(ट) “स्वास्थ्य सँस्था” ठाटीकाँध गाउँपालिकाका अस्पताल,प्राथमिक स्वास्थ्य केन्द्र ,स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्र र स्वास्थ्य क्लिनिक समेतलाई बुझाउदछ ।

(ठ)“ विधालय” भन्नाले बाल शिक्षा केन्द्र,आधारभूल विधालय,माध्यमिक विधालय ,उच्च माध्यमिक विधालयहरुलाई बुझाउदछ र सो शव्दले क्याम्पस समेतलाई सम्झनु पर्छ ।

(ड) “अनुदान” भन्नाले गाउँसभाले स्वीकृित गरेको विनियोजन ऐन मा विनियोजित अनुदान रकम गाउँपालिकाबाट सरकारी तथा गैर सरकारी सँस्थालाई प्रदान गरिने अनुदान सम्झनु पर्छ ।

**परिच्छेद ३**

**अनुदान दिन सकिने**

४) अनुदान दिन सकिने :(१) विधालय,स्वास्थ्य सँस्था वा अन्य सार्वजनिक सस्थाहरुलाई गाउँपालिकाको गाउँसभाले पारित गरेको विनियोजन ऐनले तोकेको रकम अनुदान स्वरुप दिन सकिनेछ ।

(२) उक्त अनुदान सस्थाको सँगठन व्यवस्थापन तथा शैक्षी सुदृढीकरणमा खर्च गर्न सक्नेछ ।

(३) अनुदान प्राप्त गर्नकोलागि उक्त रकम कुन प्रयोजनकोलागि हो सोको प्रस्ताव पेश गर्नु पर्नेछ ।

**परिच्छेद ४**

**सँभौता**

**५) द्विपक्षीय सँभौता गर्नु पर्ने : (१) गाउँपालिका र संस्थावीच द्विपक्षीय सँभौता गर्नु पर्नेछ ।**

**(२) दुवै पक्षको सँभौतामा उल्लेखित शर्तनामा बँमोजिम अनुदान प्रदान गरिनेछ ।**

**(३) अनुदान सँभौतामा गाउँपालिकाको शैक्षिक,आर्थिक,सामाजिक तथा सँस्कृतिक विकासमा योगदान पुरयाउन सहयोग पुग्ने कार्यलाई प्रथमिकता दिनु पर्नेछ ।**

**परिच्छेद ५**

**विविध**

**६) अनुदानको रकम वृहत्तर हितकोलागि खर्च गरिनु पर्ने : (१) गाउँपालिकाले प्रदान गरेको अनुदानको रकम गाउँवासीको बृहत्तर हितमा खर्च गरिनु पर्दछ ।**

**(२) अनुदानको रकम खर्च गर्दा प्रचलित  आर्थिक ऐन नियम र कार्यविधिको पूर्ण रुपमा पालना गरिनु**

**पर्छ ।**

**७) दूरुपयोग नहुने गरि** लेखा कानुन बँमोजिम नियमितता, मितव्ययिता , कार्य दक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरि खर्च गरिनु पर्छ ।

८) लेखापरीक्षण गराउनु पर्ने : अनुदानको रकमको खर्चको प्रचलित कानुन बँमोजिम लेखापरीक्षण गराई सो को प्रतिवेदन यस गाउँपालिकालाई समेत दिनु पर्नेछ ।
**९) बचाउः** यस कार्यविधि तयार गरिनु भन्दा पहिला भए गरेका कार्य यसै कार्यविधि बँमोजिम भएको मानिनेछ ।

आज्ञाले
बाबुराम नेपाली
प्रमाणीकरण मिति २०७६।०३।३० प्रमुख प्रशासकीय अधिकृत